# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| खण्डः ७ | संख्याः १६ | मितिः २०८०/०५/२९ |
|---|---|---|

## भाग – २

शिवपुरी गाउँपालिकामा स्वास्थ्य तर्फ आमा समूह बैठकका सम्बन्धमा व्यवस्था गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# स्वास्थ्य आमा समुह बैठक कार्यविधि, २०८०

समाजको आधा भन्दा पनि बढी जनसंख्या ओगटेको महिलाहरुलाई विकासको विभिन्न क्रियाकलापहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न नगराउदासम्म र स्वास्थ्य सम्बन्धि विभिन्न कार्यहरुमा समय सापेक्ष सक्रियरुपमा सहभागी गराई सामाजिक व्यवहार परिवर्तन नगराएसम्म स्वास्थ्यका सूचकहरु र आनिबानिहरु एवं समाजको आमुल परिवर्तन हुन सक्दैन । नेपाल राज्यभरि विभिन्न महिला तथा आमा समुहहरु भएता पनि स्वस्थ्य आमा समुहले खेलेको भुमिकाले समाज उन्नती क्षेत्रमा उल्लेखनीय परिवर्तनहरु गराइ सबैलाई आश्चर्य चकित नै बनाई दिएको छ । एउटा शिशु तथा बच्चाको सर्वाङ्गिण विकासको लागि स्वस्थ्य आमा स्वस्थ्य बच्चा, स्वस्थ्य घर परिवार र स्वस्थ्य समाज विकासको लागि स्वास्थ्य सन्देशहरु समाजमा सम्प्रेषण गर्नको लागि स्वास्थ्य आमा समुहको भुमिका अनुस्करणीय छ । संघिय नेपालको संरचना अनुसार स्थानिय स्तरमा नै जनताको मौलिक हक अधिकार तथा अन्य क्रियाकलापहरु सञ्चालन गर्ने अधिकार नेपाल सरकारले स्थानिय सरकारलाई नै प्रत्यायोजन गरेको हुदा सबैले आ आफ्नो ठाँउबाट स्वास्थ्य आमा समुहलाई सहयोग गरेको खण्डमा समाजमा आमुल परिवर्तन हुने अवस्थामा शिवपुरी गाउँ कार्यपालिकाको मिति २०८०/०५/२९ को बैठकबाट **"स्वास्थ्य आमा समुह बैठक कार्यविधि, २०८०"** स्वीकृत गरि लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"स्वास्थ्य आमा समुह मिटिङ कार्यविधि २०८०"** रहेको छ ।

(२) यो कार्यविधि शिवपुरी गाउँ कार्यपालिकाले स्वीकृत गरि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यालय" भन्नाले शिवपुरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झिनु पर्दछ ।

ख) "बैठक" भन्नाले शिवपुरी गाउँपालिकामा अन्तर्गत रहेका ८ वटा वडाका स्वास्थ्य आमा समूह बैठकलाई सम्झनुपर्दछ ।

ग) "गाउँपालिका" भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) "सभा" भन्नाले शिवपुरी गाउँपालिकाको गाँउ सभालाई सम्झनु पर्दछ ।

ङ) "कार्यपालिका" भन्नाले शिवपुरी गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

च) "कार्यविधि" भन्नाले स्वास्थ्य आमा समुह मिटिङ कार्यविधि २०८० सम्झनु पर्दछ ।

**३. लक्षित ब्यक्ति तथा स्वास्थ्य आमा समुह गठनः**

(१) शिवपुरी गाउँपालिका भित्रका प्रत्येक वडामा प्रजनन् उमेर समुह (१५ देखि ४९ वर्ष) भित्रका महिलाहरु जस्तैः भर्खर विवाहित महिला,पाँच वर्ष मुनिका बच्चाको आमा,किशोरीहरु,बच्चा जन्माएर अनुभव भैसकेका आमाहरु र ६० वर्ष माथिका महिलाहरु मिलेर स्वास्थ्य आमा समुह गठन गरिन्छ ।आमा समुमा कम्तिमा १५ जना सदस्यहरु हुनु पर्दछ ।उक्त आमा समुहका सदस्यहरु मध्ये १ जना अध्यक्ष र आवश्यकता अनुसार अन्य पदाधिकारीहरु सदस्य रहनेछन्।महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका उक्त समुहको सदस्य सचिव भई काम गर्नेछ ।प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको स्वास्थ्य आमा समुह छुट्टाछुट्टै गठन गर्नुपर्नेछ ।

(२) स्वास्थ्य आमा समुहको काम ,कर्तब्य र अधिकारः

क) स्वीकृत छनोट प्रक्रिया अपनाई महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका छनोट गर्नुपर्नेछ।

ख) प्रत्येक महिना कम्तिको १ पटक वा आवश्यकता अनुसार महिनामा एक पटक भन्दा बढी बैठक राख्ने । गाँउघर क्लिनिक सञ्चालन हुने ठाँउको हकमा सकभर क्लिनिक सञ्चालन हुने दिनमा स्वास्थ्य आमा समुहको बैठक राख्नुपर्नेछ ।

ग) बैठकमा स्वास्थ्य कर्मी र अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्ने र छलफलमा सहभागी गराउनु पर्नेछ ।

घ) कम्तिमा वर्षको अन्तिममा एक पटक स्वास्थ्य आमा समुहको अक्ष्यक्षले महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको कामको समिक्षा सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुखलाई जानकारी गराउनु पर्दछ ।

ङ) स्थानीय स्वास्थ्य संस्थाबाट प्राप्त स्वास्थ्यसंग सम्बन्धित सूचना तथा जानकारीहरु घरपरिवार तथा समुदायमा प्रचारप्रसार गनुपर्नेछ ।

च) आफ्नो समुह अन्तर्गत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले समुहमा स्वतःराजिनामा दिएमा वा काम गर्न प्रचलित कानुन बमोजिम अयोग्य रहेमा वा मृत्यु भएमा वा वैतनिक पदबहालमा रहेमा वा फौजदारी अभियोग लागेमा प्रचलित कानुन र नियम बमोजिम नयाँ महिला सामुदायिक स्वयम् सेविका छनौट गरी स्थानीय स्वास्थ्य संस्थालाई सिफारिश गर्न सक्नेछ ।

**४ स्वास्थ्य आमा समुह बैठकको तयारीः**

क) बैठक बस्नु अगाडि के विषयमा छलफल हुने हो र कहाँ,कहिले र कुन समयमा गर्ने भन्नेबारे सबै सदस्यहरुलाई समयमानै जानकारी गराउनु पर्नेछ ।

ख) स्वास्थ्य आमा समुहका सदस्य बाहेक अन्य व्यक्तिलाई बोलाउनु पर्ने भए उसले गर्नुपर्ने कुरा समयमा नै प्रष्ट जानकारी गराउनु पर्नेछ ।

ग) बैठकमा कुनै वस्तुको प्रदर्शन गर्नुपर्ने भए सो को पुर्व तयारीको साथ सञ्चालन गनुपर्नेछ ।

घ) बैठक बस्ने ठाँउ, पिउने पानी र शौचालयको सुनिश्चित गर्नु पर्नेछ ।

**५ बैठकमा छलफल गर्नुपर्ने विषयहरुः**

क) बैठकमा समय सान्दर्भिक स्वास्थ्य सम्बन्धि विषयहरु जस्तैः पोषण, सरसफाई, पानी शुद्धिकरण, पूर्णस्तनपान, थप तथा पूरक खाना, सुरक्षित गर्भपतन, स्वस्थ्य गर्भाधान, परिवार नियोजन, प्रोटोकल अनुसार गर्भ जाँच तथा सुत्केरी जाँच, नवजात शिशु स्याहार, कीटजन्य रोगहरु, नसर्ने तथा मानसिक रोगहरु, आँखा तथा मुखको स्वास्थ्य आदिबारे छलफल गर्नुपर्नेछ।

ख) टोलटोलमा स्वास्थ्य तथा सरसफाई सम्बन्धि व्यवहारहरु सुधार गर्न आवश्यक कार्ययोजना तथा रणनीतिहरु तय गर्नु पर्नेछ ।

ग) स्वास्थ्य सम्बन्धि नियमित तथा अभियानका कार्यक्रमहरुमा सक्रिय सहभागी हुने तथा सहयोग र समन्वयात्मक भूमिका बारे छलफल गर्नुपर्नेछ ।

घ) आफ्नो कार्यक्षेत्रभित्रका गर्भवती महिला,सुत्केरी आमा तथा समस्यामा परेका व्यक्तिहरुलाई समूहको निर्णय अनुसार घरभेट परामर्श,सहयोग तथा उपहार प्रदान गर्न सक्नेछ ।

**६. स्वास्थ्य आमा समुहको बैठक सञ्चालन विधि**

क) स्वास्थ्य आमा समुहको अध्यक्षलाई बैठकको अध्यक्षता गराउने

ख) अघिल्लो बैठकको समिक्षा गर्ने र निर्णयहरु कायलार्न्वियन भए नभएको जानकारी गराउने।

ग) छलफल गरिने विषयवस्तुको बारेमा समुहलाई जानकारी गराउने ।

घ) बैठकको माइनुट उठाउने र उपस्थित सबैको हस्ताक्षर वा औलाको छाप लगाउने ।

ङ) बैठकमा सबैलाई आलोपालो बोल्न प्रेरित गर्ने ।

च) बैठकमा भएका निर्णयहरु सबै पढेर सुनाउने

छ) अर्को बैठकको मिति,समय र सकिन्छ भने विषय वस्तुका बारेमा जानकारी गराउने ।

ज) बैठकको अन्त्यमा अध्यक्ष र सबै सदस्यहरुलाई धन्यवाद दिदै बैठक समापन गर्ने ।

**७. स्वास्थ्य आमा समुह बैठक मितिः** मासिक रुपमा सम्वन्धित वडाका स्वास्थ्य संस्थाका अन्तर्गत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले समुहमा छलफल गरी मासिक मिटिङ मिति, समय र स्थान तोक्न सकिनेछ ।स्वास्थ्यकर्मीले समय तालिका बनाई स्वास्थ्य आमा समुह मिटिङको सहजिकरण गर्न सक्नेछ ।

**८ सेवा तथा सुविधाः** यस स्वास्थ्य आमा समुह मिटिङ कार्यक्रममा सहजिकरण तथा सञ्चालन गरे बापत वार्षिकरुपमा तपसिल बमोजिम एकमुष्ट रकम उपलब्ध गराइने छ ।

क) महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई मिटिङ सञ्चार खर्चः

रु.१०० प्रति स्वयम् सेविका प्रति महिनाका दरले वार्षिक रु.१,२०० (अक्षरुपी एक हजार बाह्र सय रुपिया) प्रति स्वयम् सेविका

ख) स्वास्थ्यकर्मीलाई यातायात खर्चः

रु.३०० प्रति स्वास्थ्यकर्मी प्रति महिनाका दरले वार्षिक अधिकतम् १०८ पटकको रु. ३२,४००(अक्षरुपी बत्तिस हजार चार सय रुपिया) प्रति स्वास्थ्य चौकी । स्वास्थ्य आमा समूह मिटिङमा एक महिनामा ९ स्थानमा एक जना स्वास्थ्यकर्मीलाई मात्र सेवा सुविधा (यातायात खर्च) उपलब्ध गराइनेछ । भुक्तानी लिन अनुसूची १ बमोजिम प्रगति प्रतिवेदन अनिवार्य पेश गर्नु पर्नेछ ।

ग) स्वास्थ्य आमा समुहबाट सुत्केरी आमा वा अन्य समस्याग्रस्त आमालाई उपहार खर्चः

स्वास्थ्य आमा समुहको मिटिङको निर्णय अनुसार आफ्नो क्षेत्रभित्रका नयाँ सुत्केरी आमा तथा गर्भवती महिला वा अन्य समस्याग्रस्त आमाहरुलाई उपहार लिइ घरभेट गर्न सक्नेछन्। प्रति वडा प्रति महिना अधिकतम् जम्मा रु.१,००० (अक्षरुपी एक हजार रुपिया) सम्मको उपहारमा खर्च गर्न सकिनेछ । यसको आर्थिक फाँटवारी स्वास्थ्य आमा समुह मिटिङको फोकल पर्सनले राखी पेश गर्नु पर्नेछ ।

**९. स्वास्थ्य आमा समूहको पदाधिकारीहरुको कार्यकाल**

क) स्वास्थ्य आमा समूहको पदाधिकारीहरुको कार्यकाल २ वर्षको हुनेछ । आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

ख) स्वास्थ्य आमा समूहको नीति नियम विपरित काम गर्ने वा समाजमा समुहलाइ नै आलोचित हुने गरि क्रियाकलाप सञ्चालन गर्ने पदाधिकारीहरुलाई समूहको तत्कालिन बैठक बसाली बहुमत सदस्य संख्याको निर्णयबाट गैर जिम्मेवार काम गर्ने पदाधिकारीलाई पदबाट हटाउन सकिनेछ।

**१०. स्वास्थ्य आमा समूहको विघटन हुने प्रावधान**

क) स्वास्थ्य आमा समूहको सदस्य संख्या र घरधुरी तोकिएको सिमा भन्दा कम भएमा ।

ख) समूहको नियमित बैठक नबसेमा ।

ग) समूहको बैठक बस्दा तोकिएका विषय सम्बन्धि छलफल नगरेमा ।

घ) समूहले समाज परिवर्तनको लागि खेल्नुपर्ने भुमिका नखेलेको भन्ने विषय गाँउ कार्यपालिकाबाट प्रमाणित भएमा

११. कार्यक्रम संचालन पश्चात् शिवपुरी गाउँपालिका स्वास्थ्य शाखाले अनुसूची २ बमोजिम मासिक प्रतिवेदन तयार गर्नेछ र आबश्यकता अनुसार गाउँपालिका तथा संघिय र प्रादेशिक मन्त्रालय वा सम्वन्धित निकायहरुमा पठाउँनु पर्नेछ ।

१२. यस शिवपुरी गाँउपालिकाको विभिन्न वडाहरुमा नियमित सञ्चालनमा रहेका स्वास्थ्य आमा समूहको वर्ष भरि गरेका क्रियाकलापहरुको लेखाजोखा गरी बढीमा ३ (तिन) वटा समूहहरुलाई पुरस्कृत गर्न सकिनेछ । शिवपुरी गाँउपालिकाले कुनै एक महत्वपूर्ण दिनलाई घोषणा गरी उक्त दिन पुरस्कृत गरिनेछ ।

**१३. कारवाही सम्वन्धि ब्यवस्थाः** यस कार्यविधिमा तोकीएको मापदण्ड पुरा नगरी झुठा विवरण पेश गरि सेवा लिनु दिनु हुदैन, लिए दिएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१४. संशोधनः** यो कार्यविधि संशोधन गर्नु परेमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१५. बचाउ र खारेजीः** नेपाल सरकारको नीतिगत निर्णय तथा निर्देशन र गाउँसभा वा गाउँकार्यपालिकाको यस अघि भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भए गरेका मानिने छ ।

# अनुसूचि १

## स्वास्थ्य आमा समुह मिटिङ प्रगति प्रतिवेदन

## पालिकाको नामः शिवपुरी गाउँपालिका

स्वास्थ्य संस्थाको नामः

वडा नंः

१. परिचयः

२. उदेश्यः

३. स्थान र समयः

४. सहभागीहरुः

५. कार्यक्रमको विधिः

६. निष्कर्षः

७ आर्थिक बाँडफाँडः

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्यकर्मीलाई यातायात खर्च रु. | म.सा.स्वा.स्व.से.लाई सञ्चार खर्च रु. | आमालाई उपहार खर्च रु. | कार्यक्रम संख्या | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्माः | | | | | | | |

# अनुसूचि २

## स्वास्थ्य आमा समूह मिटिङ अभिलेखको ढाँचा

पालिकाको नामः शिवपुरी गाउँपालिका

स्वास्थ्य संस्थाको नामः

वडा नं.:

| आ.व. | | | | | | |
|---|---|---|---|---|---|---|
| महिना | स्वास्थ्यकर्मीलाई यातायात | म.सा.स्वा.स्व.से. लाई सञ्चार खर्च रु. | आमालाई उपहार खर्च रु. | कार्यक्रम संख्या | जम्मा रकम रु. | कैफियत |
| श्रावण | | | | | | |
| भाद्र | | | | | | |
| अशोज | | | | | | |
| कार्तीक | | | | | | |
| मंसीर | | | | | | |
| पौष | | | | | | |
| माघ | | | | | | |
| फाल्गुण | | | | | | |
| चैत्र | | | | | | |
| बैशाख | | | | | | |
| जेष्ठ | | | | | | |
| आषाढ | | | | | | |

अनुसूचि ३

**स्वास्थ्य आमा समूह मिटिङको माइन्युटिङको नमुना**

स्वास्थ्य आमा समूहको नामः

ठेगानाः

बैठक बसेको मितिः

बैठकमा सहभागीहरुको संख्याः

बैठकमा छलफल गरिएको विषयवस्तुः

बैठकमा उपस्थित भएको स्वास्थ्यकर्मीको नाम थर,पदः

उपस्थितिः

| क्र.सं. | सहभागीहरुको नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निर्णयहरु :

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**